जुनियर हाई स्कुल तेस्रो कक्षा का विद्यार्थीहरु विशेष सहायता विद्यालयको जुनियर हाई स्कुल विभागको तेस्रो वर्षका विद्यार्थी तथा अभिभावकज्यूहरूलाई

जुलाई २०२६

पढाइका लागि प्रयोग हुने कम्प्युटर वा ट्याब्लेटको तयारी बारे

नागोया सिटीका उच्च माध्यमिक विद्यालय तथा विशेष सहायता विद्यालय उच्च माध्यमिक तहका विद्यार्थीहरूले रेइवा 9 साल (2027 साल) बाट,शैक्षिक प्रयोगका लागि आवश्यक कम्प्युटर वा ट्याब्लेट उपकरण, आफैँले तयार गर्नुपर्नेछ।

आजको डिजिटल समाजमा बालबालिकाले पढाइका लागि प्रयोग हुने कम्प्युटर वा ट्याब्लेट जस्ता उपकरण लाई स्वयम् प्रयोग गर्ने क्षमता र सीप आवश्यक मानिन्छ।

यस पृष्ठभूमिमा, रेइवा 9 सालबाट (2027 साल) भर्ना हुने विद्यार्थीहरूले पढाइका लागि प्रयोग हुने कम्प्युटर वा ट्याब्लेट जस्ता उपकरण व्यक्तिगत रूपमा तयार गर्नुपर्नेछ।

नागोया सिटीले कम्प्युटर वा ट्याब्लेटलाई “आफ्नै सिकाइ बनाउने उपकरण” भनेर मान्दै विद्यार्थीले आफैँ सिक्ने पढाइलाई बढावा दिन्छ।

विद्यार्थीले आफ्नो कम्प्युटर/ट्याब्लेटलाई लगातार प्रयोग गर्दा पढाइका रेकर्डहरू जम्मा हुन्छन्, र यसले अझ राम्रो बुझाइ र खोज-अनुसन्धान गर्ने सिकाइमा मद्दत गर्छ।

हरेक बच्चाले आफ्नो सिकाइ आफैँ बनाउँदै आफैँ सिक्न र खोज्दै सिक्न सकून् भनेर नागोया सिटीले आवश्यक सहयोग गर्दै जान्छ।

सबैको बुझाइ र सहयोगको अनुरोध छ।

सिकाइ उपकरणहरू कसरी प्रयोग गर्ने

व्यक्तिगत रूपमा अनुकूलित सिकाइ

विद्यार्थीहरूले स्क्रिन म्याग्निफिकेसन र अन-स्क्रिन एनोटेसन जस्ता सुविधाहरू प्रयोग गरेर आफ्नो सिकाइ अनुभवलाई अनुकूलित गर्न सक्छन्। व्यक्तिगत आवश्यकताहरू अनुरूप एपहरू स्थापना गर्न पनि सम्भव छ, जसले गर्दा विद्यालय र घर बीचको सिकाइमा निर्बाध संक्रमण सम्भव हुन्छ।



सहयोगात्मक सिकाइ

विद्यार्थीहरूले विचारहरू साझा गर्न र आफ्ना विचारहरू व्यवस्थित गर्न सिकाइ समर्थन सफ्टवेयर प्रयोग गर्छन्, उनीहरूको सिकाइमा प्रगति हुँदै जाँदा छलफल मार्फत उनीहरूको सोचलाई गहिरो बनाउँछन्। सहयोगी रूपमा सामग्री र परियोजनाहरू सम्पादन वा सिर्जना गर्न पनि सम्भव छ।



जिज्ञासामा आधारित सिकाइ

यसलाई 'खोजमा आधारित सिकाइ' (inquiry-based learning) का लागि प्रयोग गर्न सकिन्छ–जहाँ विद्यार्थीहरूले 'प्रयास र त्रुटि' (trial and error) को माध्यमबाट समस्याहरू समाधान गर्छन्। यसमा इन्टरनेटमार्फत अनुसन्धान तथा विश्लेषण गर्ने वा एआई (AI) को मद्दतले आफ्नो सोचलाई अझ गहिरो बनाउने जस्ता विधिहरू समावेश गर्न सकिन्छ।



अरूहरू

शिक्षकहरूले सिकाइ सामग्री र गृहकार्यहरू वितरण गर्छन्, जबकि विद्यार्थीहरूले आफ्ना सिकाइ उपकरणहरू प्रयोग गरी काम सिर्जना गर्ने, सम्पादन गर्ने र बुझाउने गर्छन्। विद्यालयसम्बन्धी सूचना तथा सञ्चार पनि यिनै उपकरणहरू मार्फत उपलब्ध गराइन्छन्।



अपेक्षित प्रभावहरू



Q1 किन विद्यार्थीहरूले आफ्नै (उपकरण (कम्प्युटर वा ट्याब्लेट) आफैंले तयार गर्न आवश्यक हुन्छ?

A1 यदि उपकरण (कम्प्युटर वा ट्याब्लेट) व्यक्तिगत रूपमा आफ्नै भएको छ भने, विद्यार्थीले आवश्यक पर्ने एप्लिकेशनहरू आफैं थप्न सक्छन्। त्यसैगरी, आफ्नो रुचि र क्षमता अनुसार उपकरण (कम्प्युटर वा ट्याब्लेट) लाई प्रयोग गर्न सकिन्छ।

Q2 के तपाईंहरूले अनिवार्य रूपमा नयाँ उपकरण (कम्प्युटर वा ट्याब्लेट) किन्नै पर्छ?

A2 होइन। अहिले तपाईंले प्रयोग गर्दै आएको उपकरण (कम्प्युटर वा ट्याब्लेट) ले
विद्यालयले तोकेको आवश्यक मापदण्ड पूरा गरेमा त्यसैलाई प्रयोग गर्न सकिन्छ।मापदण्ड (सर्त) भने विद्यालय वा विभाग अनुसार फरक-फरक रूपमा निर्धारण गरिनेछ।
यसका विस्तृत जानकारी आगामी दिनमा नागोया सिटीको वेबसाइट आदि मार्फत सार्वजनिक गरिनेछ। साथै, नागोया सिटीले उपकरण (कम्प्युटर वा ट्याब्लेट) खरिदका लागि विशेष बिक्री वेबसाइट खोल्ने योजना पनि बनाइरहेको छ।

Q3 उपकरण (कम्प्युटर वा ट्याब्लेट) को मूल्य कति हुन्छ?

A3 हाल मूल्यको बारेमा छलफल भइरहेको छ। निर्णय भएपछि नागोया सिटीको वेबसाइट आदि मार्फत जानकारी प्रकाशित गरिनेछ।

Q4 उपकरण (कम्प्युटर वा ट्याब्लेट) खरिदका लागि कुनै अनुदान वा आर्थिक सहायता उपलब्ध हुन्छ?

A4 हाल आयको निश्चित मापदण्डभन्दा तल पर्ने परिवारहरूलाई आर्थिक सहायता (अनुदान) प्रदान गर्ने विषयमा छलफल भइरहेको छ।

Q5 उपकरण (कम्प्युटर वा ट्याब्लेट) कहिलेसम्म तयारी गरिसक्नुपर्छ?

A5 उपकरण (कम्प्युटर वा ट्याब्लेट) को प्रयोग रेइवा 9 सालमा（2027 साल) मे महिनाबाट सुरु गर्ने योजना छ। त्यसअघि नै तयारी पूरा गर्नुहोस्। यदि तपाईंले नागोया सिटीले उपलब्ध गराउने बिक्री साइटबाट उपकरण (कम्प्युटर वा ट्याब्लेट) खरिद गर्नुहुन्छ भने, खरिद सम्बन्धी समयतालिका तल उल्लेख गरिनेछ।

रेइवा 9 साल (2027 साल) को मार्च महिनाको मध्यदेखि अन्त्यसम्म	रेइवा 9 साल (2027 साल) अप्रिलदेखि मे महिनासम्म	इवा 9 साल (2027 साल) को मे महिनादेखि
परिणाम प्रकाशित भएपछि ・उत्तीर्ण भएका विद्यार्थीहरूको विवरण-सत्रमा उपकरण किन्ने तरिका र सहयोग (अनुदान) बारे जानकारी दिइन्छ ・बिक्री साइटमा उपकरण (कम्प्युटर वा ट्याब्लेट) बिक्री सुरु गरिन्छ	・किनिएको उपकरणको (कम्प्युटर वा ट्याब्लेट) वितरण ※प्रत्येक परिवारको घरमा पठाइने योजना छ	・प्रत्येक विद्यालयमा उपकरण (कम्प्युटर वा ट्याब्लेट)प्रयोग सुरु गरिनेछ

Q6 उपकरण (कम्प्युटर वा ट्याब्लेट) बिग्रिएमा वा कुनै समस्या आएमा के हुन्छ?

A6 सामान्यतया समस्या आएमा तपाईंले आफैं समाधान गर्नुपर्छ।तर, बिक्री साइटबाट किनिने उपकरणमा पढाइको अवधि भर लागू हुने गारन्टी अवधि / राखिने योजना छ।

Q7 इन्टरनेट (Wi-Fi) को व्यवस्था कस्तो छ?

A7 विद्यालयमा नागोया सिटीले उपलब्ध गराएको Wi-Fi प्रयोग गर्न सकिन्छ। तर, घरमा इन्टरनेट प्रयोग गर्दा लाग्ने खर्च भने प्रत्येक परिवारले आफैं वहन गर्नुपर्छ।

अब पछिका जानकारीहरू र सम्पर्क तलको URL मार्फत हेर्न सकिन्छ।
URL：https://www.city.nagoya.jp/kodomo/schools/1016783/1016794/1051184.html

नागोया सिटी शिक्षा समिति उच्च माध्यमिक शिक्षा / विशेष सहायता शिक्षा